खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी, संखुवासभा    १ नं. प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

**बैठक मिति:** २०७६/०२/२७    **बैठक सङ्ख्या:** ६०

**बैठक प्रारम्भ समय:** २.०० : बजे    **बैठक समापन समय:**

| क्र.स. | पद | पदाधिकारीको नाम | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | नगरकार्यपालिका प्रमुख तथा नगर प्रमुख | श्रीमुरारीप्रसाद खतिवडा | | |
| २. | नगरकार्यपालिका सदस्य तथा नगर उप-प्रमुख | श्री डेगेश्वरी श्रेष्ठ | | |
| ३. | नगरकार्यपालिका सदस्य, वडा नं. १ | श्री निरञ्जन श्रेष्ठ | | |
| ४. | नगरकार्यपालिका सदस्य, वडा नं. २ | श्री ज्ञानवहादुर श्रेष्ठ | | |
| ५. | नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्री देवराज घिमिरे | | |
| ६. | नगरकार्यपालिका सदस्य, वडा नं. ४ | श्री सजित राई | | |
| ७. | नगरकार्यपालिका सदस्य, वडा नं. ५ | श्री श्यामप्रसाद निरौला | | |
| ८. | नगरकार्यपालिका सदस्य, वडा नं. ६ | श्री दयानिधि वराल | | |
| ९. | नगरकार्यपालिका सदस्य, वडा नं. ७ | श्री मौसम आलेमगर | | |
| १०. | नगरकार्यपालिका सदस्य, वडा नं. ८ | श्रीडम्बरवहादुर कटुवाल | | |
| ११. | नगरकार्यपालिका सदस्य, वडा नं. ९ | श्री टिकाराम कुमाल | | |
| १२. | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्रीकेशवराजवरसिं थापा | | |
| १३. | नगरकार्यपालिका सदस्य, वडा नं. ११ | श्री नगेन्द्र गुरुङ्ग | | |
| १४. | नगरकार्यपालिका सदस्य, वडा नं.१ | श्री कुङगाङ लामा | | |
| १५. | नगरकार्यपालिका सदस्य, वडा नं. २ | श्री वालकुमारी सोडारी | | |
| १६. | नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्रीसुनिताकटुवाल कार्की | | |
| १७. | नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्री ईन्द्रमाया वराईली | | |
| १८. | नगरकार्यपालिका सदस्य, वडा नं. ५ | श्री गोपी घिमिरे | | |
| १९. | नगरकार्यपालिका सदस्य, वडा नं. ८ | श्री लक्ष्मी राई सुनुवार | | |
| २०. | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्री पदमलाल सार्की | | |
| २१. | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्री चन्द्रकला तामाङ्ग | | |
| २२. | नगरकार्यपालिका सदस्य सचिव | श्री कोमलप्रसाद धमाला | | |
| २३. | आमन्त्रित, शा.अ. प्र. यो. तथा अनुगमन शाखा | श्री लवहाङ राई | | |
| २४. | ना.सु बैठक निर्णय लेखन कार्य सहयोगी | गणेश श्रेष्ठ | | |
| २५. | निजि सचिव प्रमुख | सन्तोष चाँपागाई | | |

निर्णयहरु

(१) नगर सभा मिति २०७६ असार १६ गते गर्ने ।

(२) वस्तीस्तरको योजना छनौट कार्य मिति २०७६ जेष्ठ २८ बाट शुरु गर्ने ।

(३) **वडा सभाको तालिका**

(क) ११ नं. वडाको वडा सभा मिति २०७६।०३।०३

(ख) १० नं. वडाको वडा सभा मिति २०७६।०३।०७

(ग) ९ नं. वडाको वडा सभा मिति २०७६।०३।०३

(घ) ८ नं. वडाको वडा सभा मिति २०७६।०३।०६

(ङ) ७ नं. वडाको वडा सभा मिति २०७६।०३।०४

(च) ६ नं. वडाको वडा सभा मिति २०७६।०३।०५

(छ) ५ नं. वडाको वडा सभा मिति २०७६।०३।०५

(ज) ४ नं. वडाको वडा सभा मिति २०७६।०३।०७

(झ) ३ नं. वडाको वडा सभा मिति २०७६।०३।०७

(ञ) २ नं. वडाको वडा सभा मिति २०७६।०३।०६

(ट) १ नं. वडाको वडा सभा मिति २०७६।०३।०३

वडा सभाको निर्णयहरु मिति २०७६ असार १० गतेभित्र नगरपालिकामा पठाउने ।

(४) विषयगत समितिको बैठक मिति ०७६ असार ९ गतेभित्र सम्पन्न गर्ने ।

(५) एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी बैठक मिति ०७६ असार ११ गते बस्ने ।

(६) नगरकार्यपालिकाको बैठक मिति ०७६ असार १३ र १४ गते बस्ने ।

(७) बजेट तथा कार्यक्रम तर्जुमाका लागि मार्गदर्शन तयार गरि सबै वडा समितिहरुलाई उपलब्ध गराउने ।

(८) खाँदबारी नगरपालिका, प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्र, स्थानीय निर्देशक समिति निम्नानुसार गठन गर्ने:

(क) नगरप्रमुख - अध्यक्ष

(ख) उपप्रमुख - सदस्य

(ग) श्री मौसम आले मगर - सदस्य

ग्याबियन तारजाली पर्खाल लगाउने कार्य गर्न मनकामना सन्यास आश्रम समितिसँग प्राविधिक लगत इष्टिमेट अनुसार सम्झौता गर्ने ।

(१५) 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम देहायका संस्थाहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने ।

(क) श्री कालाखेती निर्माण सेवा, खा.न.पा. वडा नं. १

(ख) श्री सुम्निमा निर्माण सेवा, खा.न.पा. वडा नं. ४

(ग) श्री सुमना निर्माण सेवा, खा.न.पा. वडा नं. १

(घ) श्री जलेश्वर महादेव निर्माण सेवा, खा.न.पा. वडा नं. १

(१६) प्रदेश सरकारबाट प्राप्त शनिवारे हटिया लाग्ने खाँदबारीस्थित टुँडिखेल पिच गर्ने योजनाको लागि रु.१ करोड ५० लाख रकम विनियोजन भएको मध्येबाट बोलपत्रको विधिवत प्रकृयाबाट प्रतिस्पर्धा हुँदा न्यूनतम बोलपत्रवालासँग रु.६५ लाखको ठेक्का सम्झौता गरी कार्य सञ्चालन भइरहेकोछ । उक्त निर्माण कार्य भइरहेकोमा दोहोरो नपर्ने गरि टुँडिखेलको छेउमा रेलिङ लगाउने, डिलमा आराम गर्ने फलामे फलैँचा निर्माण गर्ने, १० वटा पोलसहितको सोलार बत्ति राख्ने, भित्ताको ड्रेनमा स्लाव लगाउने, ह्युम पाइप राखी ढल व्यवस्थित गर्ने लगायतका कामहरु गर्न पर्ने माग सहितको वडा समिति तथा टोल विकास संस्थाबाट निवेदन प्राप्त भएकोले उक्त कार्यका लागि विनियोजित रकम मध्येबाट बाँकी रहेको रु.५९ लाख रकम उपभोक्ता समिति मार्फत प्राविधिक डिजाइन इष्टिमेट अनुसार सम्झौता गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

(१७) वडा नं. १० का वडाध्यक्ष श्री केशवराज सिंह थापालाई उपचार खर्च वापत रु.१५ हजार उपलब्ध गराउने ।

(१८) लगत इष्टिमेट बमोजिम सिंचाईको लागि पोलिथिन पाइप मर्मत सम्भार कोषबाट खरिद गरि किसानहरुलाई उपलब्ध गराउने ।

(क) वेतिनी खोला देखि खोला खेतसम्म सिंचाई, वडा नं. १

(ख) देविथान मुहान देखि डाडा खेत सम्म सिंचाई, वडा नं. ५

(ग) ढाँडगाउ मुहान देखिं सुरेन्द्र गुरुङ को खेतं सम्म सिंचाई, वडा नं. ४

(घ) पांमाखोला सिंचाई सिद्धदेवी टोल, खा.न.पा., वडा नं. ५

(१९) खेमराज गुरुङ ट्रष्टबाट प्राप्त प्रस्ताव बमोजिम भारत, सिक्किमका संस्कृति धरोहर मन्त्री माननीय गर्जमान गुरुङ सहित अथितिहरुलाई सत्कार गर्न रु.४५ हजार विविध शिर्षकबाट खेमराज गुरुङ ट्रष्टलाई उपलब्ध गराउने ।

(घ) श्री डम्बर बहादुर कटुवाल - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

वडा समितिले कार्यक्षेत्र तोक्ने, मिति ०७६ असार १ गते प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ गर्ने ।

(९) जनता मा.वि. चन्दनपुरको खेलमैदान ग्याविन जाली भर्ने कार्यका लागि रु.६ लाख वन, वातावरण तथा भूसंरक्षण कार्यक्रम शिर्षकमा विनियोजन भएको रकमबाट खर्च गर्ने । खा.नं.पा. वडा नं. ५ रमिते गाउँमा भूसंरक्षण गर्न १० वटा ग्यावियन जाली र रु.५० हजार उपलब्ध गराउने ।

खाँदबारी नगरपालिकामा मिति ०७६ साल जेष्ठ ७ गते आएको हावाहुरीबाट पिडित नगरबासीहरुलाई देहायको मापदण्ड अनुसार राहत उपलब्ध गराउने:

(क) घर पूर्ण क्षति भएका परिवारलाई रु.१५ हजार राहत उपलब्ध गराउने ।

(ख) आंशिक क्षति भएका परिवारलाई रु.५ हजार राहत उपलब्ध गराउने ।

वडा समितिबाट सिफारिससाथ पिडितहरुको विवरण प्राप्त भएपछि राहत उपलब्ध गराउने ।

(१०) मनकामनाबाट सतिघाट जाने मोटरबाटो मर्मत गर्न मनकामना सन्यास आश्रम समितिलाई रु.५० हजार मर्मत सम्भार कोषबाट उपलब्ध गराउने ।

(११) खाँदबारी नगरपालिका वडा नं. १ स्थित बसपार्कमा मर्मत सम्भार कोषबाट अस्थायी शौचालय निर्माण गर्ने ।

(१२) नगरपालिका भवन तथा नगर परिसरको सुरक्षाको लागि कुनै भवन नभएकोले नगरपालिकाको मूल भवनको छतमा एक ट्रस निर्माण गरी भावी व्यवस्था गरिने नगर प्रहरी र चौकिदार समेतलाई आवासको लागि प्राविधिक इष्टिमेट अनुसार निम्नानुसार निर्माण गर्ने ।

(१३) खाँदबारी रङ्गशालाको छेउमा रहेको पुरानो भवनमा हाल सम्म फुसको छाना रहेको र त्यसलाई हटाई जस्तापाता लगाई भवनको संरक्षण गर्नको लागी मर्मत सम्भार कोष वाट खर्च लेख्ने गरि रु १ लाख मात्र विनियोजन गरि यथासिघ्र कार्य गर्ने ।

(क) फलामे ट्रस तथा आल्म्यूनियम ब्रार निर्माण गर्ने रु.४,८३,०००।००

(ख) UPVC को पाता खरिद तथा जडान रु.४,५०,०००।००

(१३) वडा सभा सम्पन्न गर्न रु.२० हजार खर्च उपलब्ध गराउने ।

(१४) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त मनकामना गुरुयोजना शिर्षकमा प्राप्त भएको रकममध्ये संरचना निर्माण तर्फ विनियोजित रु.१६ लाख रकममा यस अघि मन्दिर वरिपरि उत्खनन् तथा निर्माण गरि बाँकी भएको रु.११ लाखबाट बाढी नियन्त्रणका लागि

(२०) नेपाल अर्थोपेडिक अस्पताल काठमाण्डौ, खाँदवारी नगरपालिका र नेपाल पत्रकार महासंघ संखुवासभाको संयुक्त आयोजनामा जिल्ला अस्पताल खाँदवारीमा २०७५ फागुन १ गते देखि ११ गतेसम्म संचालन भएको निःशुल्क हाडजोर्नी सम्वन्धि शल्यक्रिया शिविर संचालन गर्दा स्वयंसेवक परिचालन खर्चवापतको एकमुष्ठ रु ४५ हजार मात्र विविध खर्च शिर्षकबाट खर्च लेख्ने गरि उक्त रकम नेपाल पत्रकार महासंघ संखुवासभालाई उपलब्ध गराउने ।

(२१) औद्योगिक ग्राम स्थापनाका लागि पूर्वसम्भाव्यता अध्ययन टोली देहाय अनुसार गठन गर्ने ।

| | | |
|---|---|---|
| (क) | उपप्रमुख | - संयोजक |
| (ख) | उद्योग वाणिज्य संघ प्रतिनिधी | - सदस्य |
| (ग) | नेपाल चेम्बर अफ कमर्श प्रतिनिधी | - सदस्य |
| (घ) | घरेलु तथा साना उद्योग महासंघ प्रतिनिधि | - सदस्य |
| (ङ) | आर्थिक विकास शाखा प्रमुख | - सदस्य सचिव |

२२, खाँदवारी नगरपालिका, नगर विकास योजना तर्जुमा दिग्दर्शन २०७६ पारित गरि आसन्न पाँचौ नगरसभाका लागी ११ वटै वडाहरुमा पठाई सोहि कार्यविधि अनुसार योजना तथा कार्यक्रमहरु छनौट गरि कार्यान्वयन गर्ने ।